# रेसुङ्गा नगरपालिका

## गुल्मी

## आ.व. २०७३/०७४ को प्रथम चौमासिक अवधिको

# सार्वजनिक सुनुवाई प्रतिवेदन




<u>तयार गर्ने</u>

एकीकृत ग्रामीण विकास समाज

गुल्मी


Gulmi District
GULMI
N
W
E
S
Baglung
Pyuthan
Parbat
Argakhanchi
Syangja
Palpa
Legend
District Headquarter
District/VDC Boundary
Village Development Committe
Reshunga Municipality
Reshunga Forest
0 100 200 400
Kilometers
©DDC GULMI 2014

## विषय सूची

१. पृष्ठभूमी : ........ 1
२. लक्ष्य र उद्देश्य ........ 1
३. सार्वजनिक सुनुवाईको सहजीकरण गर्ने संस्थाको नाम र ठेगाना : ........ 1
४. सुनुवाई गरिएका विषयवस्तुहरु ........ 1
५. सुनुवाईमा उपस्थित कार्यालयहरु ........ **Error! Bookmark not defined.**
६. कार्यक्रमको संक्षिप्त विवरण ........ 2
७. कार्यक्रमको उपस्थिति ........ 2
८. सुनुवाईमा उठेका मुख्य मुख्य प्रश्न, प्रश्नकर्ता, जवाफदेही व्यक्ति र जवाफको संक्षिप्त व्यहोरा ........ 2
९. सुनुवाईमा गरिएका प्रतिबद्धताहरु ........ 4
१०. उपलब्धिहरु ........ 4
११. चुनौति तथा सुधारात्मक पक्षहरु ........ 4
१२. निष्कर्ष ........ 4
अनुसूची १) सार्वजनिक सुनुवाईको उपस्थिति ........ 5
अनुसूची २) सार्वजनिक सुनुवाईमा प्रस्तुत निर्गम अभिमत (Exit Poll)को विवरण ........ 9
अनुसूची ३)सार्वजनिक सुनुवाईमा प्रस्तुत नागरिक प्रतिवेदन पत्र (CRC) को विवरण ........ 10
अनुसूची ४)सार्वजनिक सुनुवाईका केही झलकहरु ........ 10

## १. पृष्ठभूमी :

सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका पदाधिकारीहरुवीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रियालाई सार्वजनिक सुनुवाई भनिन्छ । स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराउन सहयोग पुग्दछ । पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन सार्वजनिक सुनुवाइ आयोजना गरिन्छ ।

नेपाल सरकारको तर्फबाट विभिन्न समयमा सरकारी सेवा प्रवाह, विकास निर्माण र नागरिकका गुनासा सुनुवाई सम्बन्धमा विभिन्न ऐन, कानुन, नीति, नियम र निर्देशिकाहरु जारी गरिएको छ । सुशासन ऐनअनुसार हरेक कार्यालयले आफूले गरेका काम, सेवा प्रवाह लगायतका विषयमा नागरिकहरुका सुझाव, टिप्पणी सुन्ने, जवाफ दिने र आवश्यक सुधार गर्ने प्रयोजनका निम्ति प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सार्वजनिक सुनुवाई कार्यविधि २०६७ जारी गरी सार्वजनिक सुनुवाई के कसरी गर्ने र त्यसमा के कस्ता प्रक्रियाहरु पुरा गर्ने भन्ने कुरा स्पष्ट गरेको छ । सोही कार्यविधिबमोजिम हरेक स्थानीय निकायले सार्वजनिक सुनुवाई प्रत्येक चौमासिक रुपमा आयोजना गर्नुपर्दछ । सोही अनुरुप आर्थिक वर्ष २०७३/०७४ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ ।

## २. लक्ष्य र उद्देश्य

- स्थानीय निकायबाट उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने ।
- दोहोरो सम्वादबाट जिम्मेवार अधिकारी र नागरिकबीचको दुरी कम गर्नु ।
- स्थानीय निकायबाट प्रदान गरिने सेवा, वस्तु र सुविधा बारे सेवाग्राही र सेवाप्रदायक अधिकारीबीच आमनेसामने छलफल गरी गुणस्तरमा वृद्धि गर्नु तथा सुशासनको प्रत्याभूति दिनु ।
- यस चौमासिक अवधिको प्रगती विवरण सार्वजनिक गर्नु, सेवा प्रवाहको स्थिति जानकारी गराउनु तथा नागरिकका सुझाव र गुनासाअनुरुप कार्यालयको काममा सुधार ल्याउन प्रतिबद्धता निर्माण गर्नु ।

## ३. सार्वजनिक सुनुवाईको सहजीकरण गर्ने संस्थाको नाम र ठेगाना :

एकीकृत ग्रामीण विकास समाज, रेसुङ्गा नगरपालिका ९, गुल्मी

## ४. सुनुवाई गरिएका विषयवस्तुहरु

- रेसुङ्गा नगरपालिकाको प्रथम चौमासिक अवधिको आयव्यय र कामको प्रगति ।
- यस कार्यालयले प्रवाह गरेको सेवाको अवस्था र गुनासो सुनुवाई ।

- कार्यालयबाट चालु आवमा सम्पन्न कार्यक्रम र प्रगतिबारे जानकारी ।
- सामाजिक सुरक्षा भत्ता पाउनेहरुको नामावली सार्वजनिक ।
- सेवग्राही तथा नागरिकहरुले राखेका जिज्ञासा समाधान र सुझाब ग्रहण ।

## ५. कार्यक्रमको संक्षिप्त विवरण

- सुनुवाई आयोजना गरेको मिति : २०७३ कार्तिक ३० गते ।
- समय : दिउसो १२.३० बजेदेखि ३.३० बजेसम्म ।
- स्थान : तम्घास, गुल्मी ।
- कार्यक्रम सञ्चालन गरेको समय अवधि : ३ घण्टा ।
- अध्यक्षता :बाबुराम पल्ली , कार्यकारी अधिकृत, रेनपा, गुल्मी ।
- सहजकर्ता : जनार्दन घिमिरे, पत्रकार ।
- उद्देश्य बारे जानकारी : बाबुराम पल्ली, कार्यकारी अधिकृत, रेनपा, गुल्मी ।
- आचारसंहिता वाचन : जनार्दन घिमिरे, पत्रकार ।
- पूर्व प्रतिवद्धता प्रस्तुती र प्रगति समीक्षा : बाबुराम पल्ली, कार्यकारी अधिकृत, रेनपा, गुल्मी,
- प्रथम चौमासिक प्रतिवेदन CRC / Exit Poll को नतिजा प्रस्तोता ना.सु. गोपाल पन्थी, रेनपा, गुल्मी ।
- सुझाव, जिज्ञासा र जवाफ टिपोट :

  दोर्ण प्रसाद घिमिरे, ना.सु., रेनपा, गुल्मी,
  राधिका पाण्डे, खरिदार, रेनपा, गुल्मी,
  डिल्लीराज खनाल सव इन्जिनियर, एकीकृत ग्रामीण विकास समाज, गल्मी
- प्रतिवद्धता तयारी र प्रस्तुती : कार्यकारी अधिकृत बाबुराम पल्ली, रेनपा, गुल्मी ।

## ७. कार्यक्रमको उपस्थिति

| क.स. | जातजाति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | दलित | २ | १८ | २० |
| २ | जनजाती | ९ | ९ | १८ |
| ३. | अन्य | ४१ | १२ | ५३ |
| | जम्मा | ५२ | ३९ | ९१ |

## ८. सुनुवाईमा उठेका मुख्य मुख्य प्रश्न, प्रश्नकर्ता, जवाफदेही व्यक्ति र जवाफको संक्षिप्त व्यहोरा

| क्र. स. | गुनासो वा सुझाब राख्नेको नाम, थर, ठेगाना | गुनासो वा सुझावको विवरण | जवाफदेही पदाधिकारी र कार्यालय | जवाफको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| १. | गाणेश | यस नगरपालिका भित्रका १) | बाबुराम पल्ली | नगर परिषदबाट कार्यक्रम स्वीकृत भई |

| | | | | |
|---|---|---|---|---|
| | श्रेष्ठ, रेनपा ८, गुल्मी | पूर्वाधार निर्माणका काम के के भएका छन्? <br> २) नगरवासीहरुलाई न.पा. बनेको आभास भएन । पार्क खेल मैदान, मञ्च,ढल निकास व्यवस्थित हुनु पर्‍यो । | कार्यकारी अधिकृत, रेनपा, गुल्मी | १) मन्त्रालयको पोलिसी अनुसार योजनाहरु संचालन गरिएका छन् । समानुपातिक तरिकाले सबै वडाहरुमा वार्ड भेलाबाट पारित भै आएका ठूला योजनालाई प्राथमिकता दिइएको छ । <br> २) सीमित साधन स्रोत र असीमित आवश्यकताले गर्दा चाहे जति काम गर्न नसकिएता पनि न.पा.ले यी विषयलाई प्राथमिकता निर्धारण गरी काम अगाडि बढाएको छ । यसै वर्ष ढल निकास र पार्क निर्माणको काम थालनी भएको छ । |
| २. | दुर्गा प्रसाद पाण्डे, गुल्मी उधोग वाणिज्य संघ | सडक मापदण्डले सबै समस्यामा परेका छन, विकल्प के छ? | कार्यकारी अधिकृत, रेनपा, गुल्मी | यसले नगरवासी शुरु देखिनै मारमा छन् । मापदण्ड संशोधनका लागि न.पा. बाट जोडदार रुपमा माग अगाडि बढाएको र सो बिषय भौतिक पूर्वाधार तथा योजना विकास मन्त्रालयमा पुगेको छ । उक्त संशोधन माननीय तहबाट विषयको उठान हुनु पर्छ । |
| ३. | जीवलाल पन्थी रेसुङ्गा न.पा.१ | सडक मापदण्डका कारण नक्सा प्रकिया रोकीएको र न.पा.ले घरकर लिने गरेको छ । विग्रएका बाटाहरु कहिले मर्मत हुन्छन? | कार्यकारी अधिकृत, रेनपा, गुल्मी | सडक मापदण्ड पुगेका स्थानमा कार्यविधिले तोके अनुसार नक्सापास भैरहेको छ । आ.व. ०७३।०७४ मा यस नगरपालिका क्षेत्र भित्रका सडकाहरु मर्मत गर्न सडक बोर्डमा कार्यक्रम पेश भएको छ । सहमति प्राप्त भए पछि कार्यान्वयन हुनेछ । |
| ४. | दर्गादेवी पोखेल रेसुङ्गा न.पा. १ | सडक बत्ती बलेनन् । नालीमा सेलेव कस्ले बनाउछ ? | कार्यकारी अधिकृत, रेनपा, गुल्मी | प्राविधिक कारणले र टेम्प्रेचरका कारण समस्या परेकोले कम्पनी र प्रविधिकलाई खवर गरी मर्मत गर्ने कार्य भैरहेको छ स्लेव निर्माण कार्य न.पा.बाट यसै वर्ष हुन्छ । |
| ५. | इन्दिरा पौडेल रेसुङ्गा न.पा.५ | रु.३०,०००।-बाहेक ना.स.के. लाई बैठक भत्ता वा अन्य बजेट आउँछ आउदैन ? | कार्यकारी अधिकृत, रेनपा, गुल्मी | सामाजिक परिचालन सम्वन्धी भएको व्यवस्था बमोजिम बजेटको थप व्यवस्था भएमा ना.स.के.लाई अन्य बजेट आउँछ । <br> तोकिएर आएको रकम उपलव्ध छ । |
| ६. | निरबहादुर थापा रेसुङ्गा न.पा. १२ | १)न.पा.भित्र सुरक्षाको व्यवस्था कस्ले गर्ने ? <br> २) न.पा.का अन्य वडामा सामानको मूल्य फरक हो या समान हो ? | १) कार्यकारी अधिकृत, रेनपा, गुल्मी <br> २) दुर्गाप्रसाद पाण्डे अध्यक्ष गु.उ.वा.संघ | १) सुरक्षाको विषय भएकोले जिल्ला प्रहरी कार्यालय संग समन्वय गरी समस्या समाधानमा लागिने छ । <br> २) ढुवानीका कारण सामानमा १/२ रु.मूल्य फरक पर्न सक्छ । उ.वा.संघले निर्धारण गरेको मूल्य विपरित सामान विक्री गर्न |
| ७. | एमकला वि.क. | बाटाहरु विगीएका छन्, खानेपानीको | कार्यकारी अधिकृत, | साना पूर्वाधारका कार्यक्रमहरुबाट |

| | | | | |
|---|---|---|---|---|
| | रेसुङ्गा न.पा.१४ | समस्या छ कहिले समाधान होला ? | रेनपा, गुल्मी | क्रमशः सम्वोधन गर्दै लगिने प्रयास गर्दछौं । |

सुशासन अभियान गुल्मीबाट C.R.C. र Exit Pol भराउने क्रममा सुशासन अभियान गुल्मीका प्रतिनिधि श्री विनोद पाण्डेबाट प्राप्त सुझाव अनुसार सोधपुछ कक्ष र नागरिक बडापत्रमा कार्य संचालन हुने कोठाहरुको विवरण तत्काल सुधार गरिएको छ ।

## ९. सुनुवाईमा गरिएका प्रतिबद्धताहरु

१) आजको सार्वजनिक सुनुवाइ कार्यक्रममा प्राप्त सुझावहरुलाई कानुनी, नीतिगत व्यवस्था बमोजिम निश्चित रुपमा पालना गरिने छ ।
२) मन्त्रालयको नीतिगत व्यवस्था अनुरुप यस नगरपालिकाका सम्पूर्ण वडाहरुमा विकास निर्माण लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गरिने छ ।
३) नागरिक वडापत्र र सोधपुछ कक्षलाई थप व्यवस्थित गरिने छ ।
४) C.R.C. र Exit pol मा प्राप्त Indicater को विश्लेशष गरी सेवा प्रवाहलाई थप नागरिक मैत्री बनाउन हर संभव प्रयत्न गरिने छ ।

## १०.उपलब्धिहरु

- रेसुङ्गगा नगरपालिका, गल्मीले प्रथम चौमासिक अवधिसम्मको कार्यप्रगति, सेवाप्रवाह र आयव्यय विवरण सार्वजनिक गर्नु ।
- रेसुङ्गगा नगरपालिका, गल्मीको उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वजनिक जानकारी गराउनु ।
- विभिन्न विषयमा नागरिकका सुझाव ग्रहण र गुनासाउपर स्पष्टता ल्याउनु तथा कार्यालयको काममा सुधारको अवसर प्राप्त हुनु ।
- दोहोरो सम्बादबाट जिम्मेवार अधिकारी र नागरिकवीचको दुरी कम गर्न सहजता ।

## ११.चुनौति तथा सुधारात्मक पक्षहरु

- आयोजकले सुनुवाईमा प्रस्तुत गरिने विषयवस्तु र विवरणको पूर्वतयारी गरेर उपस्थित हुनुपर्ने ।
- सहभागीहरुको बुझाई र चेतनास्तर फरकफरक हुँदा सुनुवाईलाई निर्दिष्ट दिशामा लैजान कठिनाइ ।
- सुनुवाईको प्रचारप्रसारमा अझै ध्यान दिनुपर्ने ।
- सुनुवाईमा उठेका विषयमा कारवाही अगाडि बढाउनु पर्ने ।

## १२. निष्कर्ष

रेसुङ्गग नगरपालिका गुल्मीले प्रथम चौमासिक प्रगती प्रतिवेदन सहित आर्थिक वर्ष २०७३/०७४ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ । यस सुनुवाईमा ७ जना सेवाग्राहीबाट विभिन्न विषयमा ९ वटा प्रश्नहरु सोधिएका छन् । उठेका सवाल सम्बोधनको लागि ४ वटा प्रतिवद्धता गरिएको छ । नगरपालिका र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न,

पारदर्शिताको माध्यमद्वारा नगरपालिकको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई  जिम्मेवारीको संस्कार बसाउन यो सार्वजनिक सुनुवाइले सहयोग गरेको छ । सामान्य व्यवस्थापकीय कमजोरीबाहेक सुनुवाई प्रभावकारी बनेको छ । सुनुवाईमा उठेका विषयमा छानविन र कारवाही गर्ने, सुझावहरु कार्यान्वयन र सुधार गर्नमा जिल्ला प्रशासन कार्यालय र सम्बन्धित कार्यालयहरुले ध्यान दिने हो भने सुनुवाईको प्रभावकारिता बढ्नुका साथै सेवा प्रदायकप्रति जनताको विश्वास पनि बढ्नेछ । आगामी दिनमा अझ व्यवस्थित र राम्रो तयारी सहितको सुनुवाई नियमित रुपमा गर्नु आवश्यक छ ।

धन्यवाद ।

## अनुसूची १) सार्वजनिक सुनुवाईको उपस्थिति


आज मिति २०७२ साल कार्तिक ३० गतेका दिन रेसुङ्गा नगरपालिका कार्यालयका कार्यकारी अधिकृत श्री बाबुराम पल्लीको अध्यक्षतामा रेसुङ्गा नगरपालिकाको आ० व० ०७३/०७४ को प्रथम चौमासिक अवधिको नगरपालिका र यस क्षेत्रका सेवा ग्राही बीचको प्रत्यक्ष सरोकारका विषयमा बालमन्दिरको सभाहलमा भएको सार्वजनिक सुनुवाइ कार्यक्रमको उपस्थिति :

उपस्थिति

कार्यकारी अधिकृत श्री बाबुराम पल्ली

प्रमुख अतिथि स्थानीय विकास अधिकारी श्री डिलाराम पन्थी

श्री छवि पाण्डेय (ने. का.)

श्री दिल्लीराज भुसाल (ने. क. पा. एमाले)

श्री भुपाल पोखरेल (ने. क. पा. माओवादी केन्द्र)

श्री (रा. प्र. पा. नेपाल)

श्री नरबहादुर विष्ट (रा. प्र. पा.)

श्री (ने. क. पा. मा. ले.)

श्री हरि न्यौपाने (राष्ट्रिय जनमोर्चा)

श्री (नेपाल परिवार दल)

श्री नेत्रबहादुर वस्नेत क्षेत्री अखण्ड नेपाल पार्टी)

श्री उमाकुमारी अर्याल (ने. क. पा. क्रान्तिकारी मा.)

श्री घनश्याम पाण्डे (नयाँ शक्ति नेपाल)

श्री जनार्दन घिमिरे (पत्रकार)

तारा प्रसाद भुसाल नेपाल पत्रकार महासंघ गुल्मी

सन्तोष पन्थी

सीता सीता वस्नेत

जीवकला जीवकला वि. क.

यमकला यमकला वि. क.

श्री चेत्र बहादुर विश्वकर्मा (प्रतिनिधि रे.न.पा.)
श्री हरिकला घर्ती मगर — हरीकला
श्री सुनतली विश्वकर्मा — सुनतली
श्री तारा वि.क. — तारा
श्री हरिप्रसाद शर्मा खनाल वार्ड नं. ५ व.न.म. संयोजक
श्री राधिका के.सी. — राधिका खत्री
श्री भोजकुमारी मगरसिनी — भोज कुमारी
श्री शान्ता थापा — शान्ता थापा
श्री उषा थापा — उषा थापा
श्री भोजेन्द्र बहादुर पाण्डे
श्री हरि प्रसाद शर्मा खनाल
श्री कुलानन्द भण्डारी — कुलानन्द
श्री डिल्लीराज पाण्डे
श्री देविराम पाण्डे
श्री निर बहादुर थापा
श्री ~~[illegible]~~ प्रदिप पाडेल
श्री राधा पन्थी
" विनोद पाण्डेय
श्री प्रशान्त कुमार पाण्डे शुसासन अभियान (कार्यदल)
श्री दुर्गा प्रसाद पौडेल गुल्मी इ.पा.रिपोर्टर
श्री तारिका पोखरेल — तारीका
श्री इन्दिरा पौडेल — इन्दिरा
श्री टोपली दमाई — टोपाली
श्री भुमकला खनाल रेसुङ्गा-५, — भुमकला
श्री विष्णु माया वि.के. — बिस्नु माया
श्री ज्ञानराज मासिनी रे.न.पा. ८ गुल्मी
श्री कमला वि.के. — कमला
श्री सिता सुनार — सिता
श्री सरस्वती वि.क. — सरस्वती
श्री नरमता घर्ति — नर्मता
श्री गीता घर्ति — गीता
श्री फुलमति विश्वकर्मा — फुलमती
श्री रुपा वि.क. — रुपा
श्री रेखा विश्वकर्मा — रेखा

श्री गिरी प्रसाद पौडेल
श्री हिरा राना — हिरा राना
श्री कमला वि.क.
श्री उर्मिला थापा — कमला
श्री देव बहादुर साहु — यमकला
श्री यमकला राना — राधा सुनार
श्री राधा सुनार — कमला
श्री कमला सुनार — मनकला
श्री मनकला सुनार — उमा
श्री उमा छन्तेल
जि.वी. गाजोन्कुञ्ज फ्रेम जि.पी. नपगाउँ-४
सगुनी अचार उद्योग व कृष्णरत्न
श्री राजेन्द्र महतो
श्री रामनारायण श्रेष्ठ (वाड.१
श्री दुर्गा राना
श्री सरस्वती के.सी.
श्री दुर्गादेवी पोखरेल — दुर्गा पोखरेल
श्री पुष्पा पन्थी
श्री कृष्ण कोइराला (शक्तिमेघ)
श्री गुणनिधि पाण्डे (लेख पा.)
श्री गोपाल पन्थी (ना.सु.)
श्री द्रोणप्रसाद घिमिरे ( " )
श्री दुर्गाराज पन्थी (खरिदार)
श्री राधिका पाण्डे ( " )
श्री नेत्रप्रसाद खनाल (अ.हे.)
श्री दुर्गा थापा
श्री विजय किशोर कार्की
श्री देवेन्द्र कठायत थापा
श्री कृष्णा पाण्डे — KA Rish NA
श्री सुरलली पाण्डे — सुरला
श्री रामलाल पन्थी (का.स. रेसुङ्गा न.पा)
श्री हुम बहादुर वि.क ( " " " )
श्री कमल पन्थी (सवारी-चालक रेसुङ्गा न.पा)

श्री ~~[illegible]~~ नवराज नाउ — जि.प्र.का. [signature]

श्री डिल्लीराम खनाल IRDS. पुई. [signature]

श्री तारिका पोखरेल तारोका

श्री रश्मिकला पन्थी [illegible]

<u>कार्यक्रम</u>

१) कार्यक्रमको अध्यक्षता ग्रहण - कार्यकारी अधिकृत श्री बाबुराम पन्थी

२) कार्यक्रमको उद्देश्य माथी प्रकाश - कार्यकारी अधिकृत श्री बाबुराम पन्थी

३) कार्यक्रम सञ्चालन, आचार संहिता प्रस्तुत - पत्रकार श्री जनार्दन घिमिरे

४) सर्व प्रतिबद्धता प्रस्तुती र प्रगति समीक्षा - कार्यकारी अधिकृत श्री बाबुराम पन्थी

५) प्रथम चौमासिक प्रगति प्रतिवेदन, नागरिक प्रतिवेदन पत्र र निर्णय अभिमत सम्बन्धी विश्लेषण — ना. सु. श्री गोपाल पन्थी

६) सहभागीहरूबाट आएका लिखित र मौखिक प्रश्नहरूको टिपोट संकलन - ना. सु. श्री द्रोण प्रसाद घिमिरे, खरिदार श्री राधिका पाण्डे

७) जिल्लेवार पदाधिकारीहरूले स्पष्ट पार्ने विषय:-

८) प्रतिबद्धता तयारी, प्रस्तुत र कार्यक्रमको समापन - कार्यकारी अधिकृत श्री बाबुराम पन्थी

## अनुसूची २) सार्वजनिक सुनुवाईमा प्रस्तुत निर्गम अभिमत (**Exit Poll**)को विवरण



## अनुसूची ३)सार्वजनिक सुनुवाईमा प्रस्तुत नागरिक प्रतिवेदन पत्र (CRC) को विवरण


नागरिक प्रतिवेदन (Citizen Report card)

१) सेवाको सन्तुष्टि :

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| (२३) ४३ | (२६) ७ | X |

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| (२४) ४६ | (२६) ३ | X |

२ सेवाको नियमितता

२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले पाउनुपर्ने सेवामा लागेको समयप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| (२३) ३१ | (२४) १३ | X |

२.२ कार्यालयमा नियमित रुपमा (कर्मचारीको उपस्थिति,समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त | ठीकै | अविश्वस्त |
|---|---|---|
| (२२) ३८ | (२६) १३ | X |

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| (२०) ४५ | | |

## अनुसूची ४)सार्वजनिक सुनुवाईका केही झलकहरु






सुनुवाइ कार्य

